यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ११/२०८१-०८२ मिति २०८२/०२/०६ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिएको छ ।

**संवत् २०८२ साल ज्येष्ठ ०६ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण:**

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | योजना/पूर्वाधार | अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी दोस्रो संशोधन स्वीकृत गर्ने । |
| २. | पर्यटन सेवा इकाई | चालु आ.व.२०८१/०८२ का लागि सुदूरपश्चिम प्रदेश सरकारबाट अपिबेश क्याम्प पर्यटन प्रवर्द्धन कार्यक्रम शीर्षकमा प्राप्त शसर्त अनुदानबाट गाउँपालिका तथा अपिबेश क्याम्पको पर्यटन प्रवर्द्धन हुने तपसिलका कार्यक्रम गर्ने।<br>तपसिलः-<br>१. अपिबेश क्याम्प FAM Trip, अपि काव्य यात्रा कार्यक्रम।<br>२. शुर्मासरोवर क्षेत्र प्रवर्द्धनका लागि बझाङ जिल्लाका स्थानीय तहहरुसँगको साझेदारीमा अन्तरपालिका सम्मेलन कार्यक्रम।<br>३. अपिहिमाल गाउँपालिका अन्तरग रहेका पर्यटकीय तथा धार्मिक स्थलहरुको प्रचारप्रसार गर्न काठमाडौंमा संचालन हुने हिमालयन ट्राभल मार्टको कार्यक्रममा स्टल खरिद गरी सहभागी हुने । |
| ३. | | गाउँपालिकाको पर्यटन प्रवर्द्धन तथा विकासमा साझेदारी गर्न गाउँ कार्यपालिकाको कार्यालय र दिगो पर्यटन परियोजना (STP) बिच मिति २०८२/०२/०५ गते भएको द्विपक्षीय सम्झौता अनुमोदन गर्ने। |
| ४. | प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत नागरिक सचेतना तथा कानूनी साक्षरता कार्यक्रममा विनियोजन भएको बजेटबाट गाउँपालिकाको कार्यालयमा २ (दुई) दिवसीय "यूवा उत्प्रेरणा तथा क्षमता अभिवृद्धि कार्यक्रम" गर्ने । |
| ५. | | कार्यालय र नं.२ वडा कार्यालयमा विविध कारणले रिक्त रहेका पदमा पदपूर्ति गर्ने । |
| ६. | आर्थिक प्रशासन शाखा | यस गाउँ कार्यपालिकाको मिति २०८२/०२/१४ गतेको बैठकबाट छनौट भएका निवेदकलाई उपलब्ध गराइने छात्रवृत्ती सम्बन्धित उल्लिखित शीर्षकमा विनियोजन रकम भन्दा बढी भई अपुग भएको हुँदा अपुग भएको रकम अन्य कार्यालय सञ्चालन शीर्षकबाट निकासा दिने । |
| ८. | सूचना प्रविधि शाखा | गाउँपालिकाको समग्र योजना प्रणालीलाई व्यवस्थापन गर्न योजना व्यवस्थापन सूचना प्रणाली खरिद गरी जडान गर्ने । |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालिका